Burlington सहरको कोभिड-19 सम्बन्धी अद्यावधिक

Burlington कोभिड-19 संसाधन तथा पुनर्स्थापना केन्द्र (RRC)

मे 2021

नेपाली

हाइलाइटहरू:

- भर्मन्ट फर्वार्ड प्लान - सुचारू मार्गदर्शक
- कोभिड-19 मामिलाको स्थिति
- मास्कहरूको बारेमा अद्यावधिक गरिएको मार्गदर्शनहरू
- प्रारम्भिक अध्ययन अवसर – बालस्याहारको लागि छात्रवृत्ति कार्यक्रम
- VERAP – भर्मन्ट आपतकालीन भाडा सहायता कार्यक्रम
- अगाडि बढिरहेको छ, वृद्धि भइरहेको छ - इजाजतपत्र प्राप्त नर्सिङ सहायक (LNA) रोजगार तालिम कार्यक्रम

भर्मन्ट फर्वार्ड प्लान



“भर्मन्ट फर्वार्ड प्लान” लाई हालसालै घोषणा गरिएको थियो, जुन आउँदो महिनादेखि प्रभावकारी हुनेछन्। लक्ष्य भनेको जुलाई 4 सम्म सबै क्रियाकलापहरूको लागि पुनः खोल्नु हो। यो योजनाले भर्मन्ट निवासीहरूलाई मद्दत गर्नको लागि सुचारू मार्गदर्शकको प्रस्ताव गर्दछ र स्थानीय व्यवसायहरूले प्रतिबन्ध नलगाइएका यात्रा, व्यवसाय सञ्चालनहरू र कार्यक्रम जमघटहरूमा फर्कनको लागि भविष्यको पथलाई हेर्छ। स्वास्थ्य विभाग, सार्वजनिक सुरक्षा र वाणिज्य निकाय र सामुदायिक विकासद्वारा योजना विकास गरिएको थियो र राज्यको सुरक्षित सुचारू सुनिश्चित गर्नको लागि खोप लगाउने डाटालाई प्रयोग गर्दछ।

मुख्य अद्यावधिकहरूमा निम्न समावेश छन्:

मे 14 - जमघट गर्ने अद्यावधिक – व्यक्तिले खोप लगाएको छ वा छैन भनी निर्धारण गर्नको लागि कार्यक्रमसँग तरिका छैन भने, क्षमता सीमितको लागि सबैजनाले खोप लगाएका छैन भनी गहण गर्नुहोस्। कार्यक्रमहरू तथा जमघटहरूले विश्वव्यापी मार्गनिर्देशन लाई (अङ्ग्रेजीमा) पालना गर्नुपर्छ, **जसमा शारिरिक खाली ठाउँ र मास्कको आवश्यकताहरू पर्दछन्।**

- **घरभित्रको जमघट सीमित:** धेरैमा 300 खोप नलगाएका मानिसहरूमा एउटा खोप नलगाएको व्यक्ति प्रति 50 स्क्वायर फिट (जसमध्ये जुन कम हुन्छ) साथसाथै विश्वव्यापी मार्गदर्शन र खाली ठाउँले अनुमति दिएसम्म खोप लगाएका मानिसहरूको कुनै पनि संख्या।
- **घरबाहिरको जमघट सीमित:** खोप नलगाएका 900 मनिसहरूसम्म, साथसाथै विश्वव्यापी मार्गदर्शनसम्बन्धी खाली ठाउँले अनुमति दिएसम्म खोप लगाइएका व्यक्तिहरूको कुनै पनि संख्या।

यात्राका प्रतिबन्धहरू बढाइयो – भर्मन्ट फर्किँदाको यात्राको लागि क्वारेन्टाइन र परीक्षण लामो समयसम्म आवश्यक पर्छ। यद्यपि, क्वारेन्टाइन र परीक्षणका केही प्रतिबन्धहरू अझैपनि अन्तर्राष्ट्रिय यात्रामा लागू हुन सक्छन्। मार्गनिर्देशन राज्य अनुसार फरक पर्न सक्छ, त्यसैले भ्रमणको योजनासूची बनाउनुअघि आफ्नो गन्तव्यको यात्रा मार्गनिर्देशन जाँच गर्नुहोस्।

यात्राका प्रतिबन्धहरू बढाइयो – भर्मन्ट फर्किँदाको यात्राको लागि क्वारेन्टाइन र परीक्षण लामो समयसम्म आवश्यक पर्छ। यद्यपि, क्वारेन्टाइन र परीक्षणका केही प्रतिबन्धहरू अझैपनि अन्तर्राष्ट्रिय यात्रामा लागू हुन सक्छन्। मार्गनिर्देशन राज्य अनुसार फरक पर्न सक्छ, त्यसैले भ्रमणको योजनासूची बनाउनुअघि आफ्नो गन्तव्यको यात्रा मार्गनिर्देशन जाँच गर्नुहोस्।

जुलाई 4 – **सबै प्रतिबन्धहरू हटाइयो**

- जमघट तथा कार्यक्रमहरू – कुनै पनि क्षमता प्रतिबन्धहरू, बाहिरी कार्यक्रमहरूलाई प्रोत्साहन गरिएको छैन
- मास्क र भौतिक दुरी कायम राख्ने आवश्यकताहरू – आवश्यक पर्दैन तर उच्च रूपमा प्रोत्साहित गरिन्छ
- व्यावसायिक सञ्चालनहरू - विश्वव्यापी मार्गनिर्देशन (अङ्ग्रेजीमा) सबै क्षेत्रहरूको लागि प्रोत्साहित गरिन्छ

कोभिड-19 मामिलाको स्थिति



सहरले समुदायमा कोभिड-19 को उपस्थितिलाई निरीक्षण गर्न जारी राख्छ। **हालैका रिपोर्टहरूले अप्रिलको अन्तिमसम्म हाम्रो क्षेत्रमा घट्दो केसहरू देखाएको छ।**

- सात दिनको औषत (अप्रिलको अन्त्यसम्म) - 21.6 रिपोर्ट गरिएका केसहरू
- कोभिड-19 को लागि सबैभन्दा ठूलो समूह परीक्षण पोजिटिभ (विगतको 4 हप्ता) – 20-29 उमेरको
- हालको डाटाले **61% भन्दा बढी भर्मन्टको सामुदायिक सदस्यहरूले कम्तिमा पनि एउटा खोप प्राप्त गरेका छन् भनी देखाउँछ।**
- धेरैजसो वृद्ध समुदायका सदस्हरूले खोपहरूको फाइदा लिइरहेको हुनाले उहाँहरूसँग सम्बन्धित कोभिड-19 केसहरू न्यून भइरहेका छन्। **यी नम्बरहरूले राम्रो प्रगति देखाएको हुँदा, हामीलाई यो समयमा सावधान रहन अझै पनि जारी राख्न आवश्यक पर्छ।**

<u>तपाईं निम्न कुरा गर्न सक्नुहुन्छ:</u> कृपया मास्क लगाउन जारी राख्नुहोस्, आफ्नो घरायसीभन्दा बाहिरका मानिससँग जम्मा हुने राज्यको मार्गदर्शन पालना गर्नुहोस् र प्रत्येक दिन बिहानको 10:00 बजेदेखि साँझको 6:00 बजेसम्म Burlington मा 405 Pine Street मा उपल्बध हुने नि:शुल्क परीक्षण (जुन पहिले तपाईंको नाकभित्रसम्म गएको परीक्षण नभएर तपाईंको नाकको सरल, स्वयम्-प्रबन्ध गरिएको स्वाब हो) गर्ने विचार गर्नुहोस्। खोप प्राप्त गर्ने कुराले पनि सामुदाय भित्र भाइरसको संक्रमणलाइ उत्कृष्ट रूपमा घटाउन सक्छ।

प्रारम्भिक अध्ययन अवसर

first steps Scholarship Program

बाल स्याहारको लागि भक्तानी मद्दतको आवश्यक पर्छ? तपाईंको बच्चा पहिलो चरणहरूको छात्रवृत्ति कार्यक्रमको लागि योग्य हुन सक्नुहुन्छ।

योग्य परिवारहरूले योग्य कार्यक्रमहरूमा पूर्णकालीन बाल स्याहारको लागि शिक्षण लागतहरूका साथ मद्दत गर्नको लागि Burlington सहरमार्फत ***पहिलो चरणहरूको छात्रवृत्ति*** प्राप्त गर्नुहुनेछ। लागू गर्नको लागि, परिवारहरू Burlington को बासिन्दाहरू हुन, तलको आम्दानी मार्गदर्शनहरूलाई पूरा गर्न र 8 हप्ता देखि 2 ½ सम्म उमेरको बच्चा आवश्यक हुन्छ। थप विवरणहरूका लागि लिङ्क प्रयोग गर्नुहोस्!

पारिवारिक घरायसी आम्दानी 80% क्षेत्र मध्यक आम्दानी (AMI) भन्दा कम वा त्यसमा हुनुपर्दछ।

परिवारको आकार	2 व्यक्ति	3 व्यक्ति	4 व्यक्ति	5 व्यक्ति	6 व्यक्ति	7 व्यक्ति	8 व्यक्ति
वार्षिक आम्दानीमा वा सोभन्दा कम	$61,400	$69,050	$76,700	$82,850	$89,900	$95,150	$101,250

आवेदन कसरी दिने:

आवेदनहरूलाई 2020–2021 छात्रवृत्ति आवेदन अवधिको लागि स्वीकार गरिएको छ। आवेदन दिनको लागि, Paula Bonnie लाई paula@letsgrowkids.org मा इमेल वा 802-398-5464 मा कल गर्नुहोस्। तपाईंले सहायताको लागि RRC कल सेन्टरलाई 802-755-7239 मा पनि सम्पर्क गर्न सक्नुहुन्छ। फोन अनुवादक सेवाहरू उपलब्ध छन्।

www.burlingtonvt.gov/it/earlylearning मा थप अध्ययन गर्नुहोस्।

भर्मन्ट आपतकालीन भाडा सहायता कार्यक्रम

भर्मन्ट आपतकालीन भाडा सहायता कार्यक्रम **कोभिड-19 महामारीसँग सम्बन्धित आर्थिक चुनौतीहरूसँग सम्झौता गरिरहेका भाडावालहरू**लाई मद्दत गर्नका लागि सिर्जना गरिएको हो। योग्यता प्राप्त घरायसीहरूको लागि, कार्यक्रमले भर्मन्ट निवासीहरूलाई निष्कासन र उपयोगिता सेवाको क्षति हुनबाट बचाउन मद्दत गर्नका लागि भाडा र उपयोगिता सहायता प्रदान गर्छ।

कार्यक्रमले घरपरिवारहरूलाई **हालको र विगतको तिर्नुपर्ने भाडा रकम, हालको र विगतको तिर्नुपर्ने उपयोगिता र घरको उर्जा लागत र आवास**सँग सम्बन्धित अन्य खर्चहरूमा मद्दत गर्दछ। उपभोगीता सहायतामा विद्युत, ग्याँस, पानी, ढल, फोहोर फाल्ने र उर्जा मुल्यहरू, जस्तै इन्धन तेल समावेश हुन सक्छन्। आवेदनहरू भाडामा लिनेहरू र सम्पत्तीको मालिक दुबैले भर्न आवश्यक छ र प्रत्यक्ष भुक्तानिहरू मालिकको लागि बनाइएको हुनेछ।

वेबसाइट: https://erap.vsha.org/ (अंग्रेजीमा)

आवेदन सहायता तथा भाषा सहायताको लागि, निम्नमा सम्पर्क गर्नुहोस्:

AALV – भर्मन्टमा बसोबास गर्ने अफ्रिकन संघ
http://www.aalv-vt.org/
(802) 985-3106

CVOEO – नयाँ अमेरिकी परियोजनाको लागि वित्तीय सशक्तिकरण
https://www.cvoeo.org/
(802) 860-1417 x117

USCRI भर्मन्ट– यु.एस. शरणार्थी र आप्रवासन समिति
https://refugees.org/uscri-vermont/
(802) 655-1963

अगाडि बढिरहेको छ, वृद्धि भइरहेको छ

वपरिवर्तनको लागि तयार हुनुहुन्छ?
स्वास्थ्य सेवामा नयाँ करियर सुरु गर्नुहोस् र अगाडि बढ्नुहोस्!

इजाजतपत्र प्राप्त नर्सिङ सहायक (LNA) को रूपमा बढी ज्यालाहरू कमाउनुहोस्। यो LNA तालिम कार्यक्रमले निम्न सहभागीहरू उपलब्ध गराउनेछ:

- 10 हप्ताको पाठ्यक्रम अनलाइन र व्यक्तिगत रूपमा डेलिभर गरियो
- पाठ्यक्रमलाई पूरा गरिसकेपछि, 32 घण्टाको भुक्तान गरिएको अभ्यासात्मक तालिम
- रेड क्रस LNA इजाजतपत्र परीक्षाको लागि पूर्ण तयारी
- पेशागत विकास
- अगाडि बढिरहेको छ, वृद्धि भइरहेको छ भनेको UVMMC, Ethan Allen निवास र क्याथ्रेडल स्क्वायरसँग साझेदारी गरिरहनु हो।
- सबै योग्य आवेदकहरूका लागि नि शुल्क छ।

तालिकाबद्ध:
पाठ्यक्रम सम्बन्धी कार्य तीन रातको, साँझ 6:00-9:00 हुन्छ।

आवेदन दिनको लागि:

www.burlingtonvt.gov/covid-19/LNA मा जानुहोस्
प्रश्नहरूका लागि, CEDOLNA@burlingtonvt.gov मा इमेल गर्नुहोस्।
आवेदनहरूलाई मे 10 को सुरुवातको रोलिङ आधारमा समीक्षा गरिएको हुनेछ।

कोभिड-19 को जानकारी

भर्मन्ट स्वास्थ्य विभागसँग कोभिड-19 स्वास्थ्य जानकारी भएका व्यक्तिगत भाषाका पृष्ठहरू छन्:

नेपाली: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Nepali

प्रश्नहरू? सहायता आवश्यक छ?

Burlington को **कोभिड-19 स्रोत तथा पुनर्स्थापना केन्द्र (RRC)** यहाँ मद्दतको लागि छ, हामीलाई 802-755-7239 वा recovery@burlingtonvt.gov मा सम्पर्क गर्नुहोस् र आफ्नो नाम, प्राथमिकताको भाषा र सम्पर्क जानकारीसँग सन्देश छोड्नुहोस् र हामीले तपाईंलाई सम्भव भएसम्म छिटो सहायता गर्नेछौं। हाम्रो कल सेन्टरमा फोन अनुवादन सेवाहरू उपलब्ध छन्। हाम्रो सञ्चालन समय सोमबारदेखि शुक्रबार, बिहान 8:00 बजेदेखि दिउँसोको 4:30 बजेसम्म हो।

अनुवादनहरू फेला पार्नुहोस्:

भर्मन्ट स्वास्थ्य विभाग
https://www.healthvermont.gov/media/translation/covid-19-translations
Burlington सहर
https://www.burlingtonvt.gov/covid-19/translated
भर्मन्ट बहुभाषीय कार्यबलः
https://www.youtube.com/channel/UC3zjPpeFnXqvESr1y3d4DvQ

मार्गनिर्देशनहरू राष्ट्रिय र राज्य स्तरमा परिवर्तन गरिएको हुनाले यो कागजातमा रहेको जानकारी परिवर्तनसँग सम्बन्धित छ